**भूकम्पपछिको पुनर्निर्माणको सन्दर्भमा सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईको दरबन्दीका स्थानीय तहमा खटाइएका इन्जिनियरहरुले आफ्नो कार्यक्षेत्रमा सम्पादन गर्नुपर्ने क्षेत्रगत कार्य विवरण**

१. भूकम्पपछिको निजी आवास पुनर्निर्माण कार्यक्रम अन्तर्गत आवास निर्माणका लागि अनुदान सम्झौता गरेका, प्राविधिक सुपरिवेक्षण र प्रमाणीकरणका लागि अनुरोध गरेका, भूकम्प पीडितहरु (लाभग्राही) को सूची सम्बन्धित स्थानीय तहबाट प्राप्त गर्ने ।

२. भूकम्प पीडितका लागि निर्माण गरिने निजी र सामुहिक आवासहरुको निर्माणको सिलसिलामा स्वीकृत मापदण्ड अनुसारको नक्शा डिजाइनहरु मध्ये उपयुक्त नक्शा छनौट गरी आवास निर्माण गर्न सहयोग गर्ने । स्वीकृत मापदण्ड अनुसारको नक्शा डिजाइनको आकार भन्दा फरक छनौट भएमा आवश्यक सहजीकरण गरी भूकम्प प्रतिरोधी आवास निर्माण गर्न सल्लाह सुझाव दिने र त्यसको अनुगमन गर्ने ।

३. भूकम्प पीडितका लागि निर्माण गरिने निजी र सामुहिक आवासहरुको निर्माणको सिलसिलामा प्राविधिक निरीक्षण गरी भवनको रेखाङ्कन लगायतका सम्पूर्ण प्राविधिक सेवा उपलब्ध गराउने, निर्माण कार्यको सुपरिवेक्षण गर्ने र स्वीकृत नक्शा/डिजाइन तथा मापदण्ड र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट स्वीकृत कार्यविधि तथा निर्णयहरुका आधारमा तीन किस्तामा दिने अनुदानका किस्ता उपलब्ध गराउन सिफारिस गर्ने।

४. सम्बन्धित लाभग्राहीहरुले निर्माण गरेको घर स्वीकृत डिजाइन-नक्शा अनुसार भए, नभए र भुक्तानीका लागि सिफारिस गरिएका आवासहरुको बारेमा सम्बन्धित स्थानीय तहमार्फत र सूचना प्रविधिको माध्यमबाट शहरी विकास मन्त्रालय, जिल्ला आयोजना कार्यान्वयन इकाईलाई नियमित रुपमा जानकारी गराउने ।

५. भूकम्प पीडितको एकीकृत वस्ती, वस्ती स्थानान्तरण सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनका लागि जिल्ला आयोजना कार्यान्वयन इकाई तथा स्थानीय तहलाई प्राविधिक सहयोग गर्ने ।

६. निजी आवास पुनर्निर्माणका लागि नेपाल सरकारबाट उपलब्ध गराइने अनुदान सम्झौता गर्न सम्बन्धित स्थानीय तह र सो को वडा तहमा सम्पूर्ण सहयोग गर्ने ।

७. पूर्ण रुपमा अनुदान सम्झौता सम्पन्न भई सम्पूर्ण निजी आवासहरुको निर्माण कार्य शुरु नभएसम्म खटाईएको कार्यक्षेत्रमा लाभग्राहीहरुले निर्माण शुरु गरिसकेका र निर्माण गर्न चाहने निजी आवासीय भवनहरु सुरक्षित र भवन संहिता अनुसार निर्माण गर्न आवश्यक सहयोग, सुझाव उपलब्ध गराउने र यसरी निर्माण भएका भवनहरुको अभिलेख राखी सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाई र स्थानीय तहमा पेश गर्ने ।

८. कामदारहरुलाई भुकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने वा तालिम दिने तहको अनुगमन गर्ने।

९. लाभग्राहीहरुसँग गरिएको अनुदान सम्झौता तथा भवन निर्माणको प्रत्येक निरीक्षणको MIS Data Entry अनिवार्य रुपमा गरी सो को विवरण जिल्ला आयोजना कार्यान्वयन इकाईमा पेश गर्ने ।

१०. अनुदान वितरण प्रयोजनका लागि स्थानीयतहका प्रमुख प्रशासकीय अधिकृतले तयार गरी बैंक तथा जिल्लास्तरमा पठाउनु पर्ने लाभग्राहीहरुको विवरण विद्युतीय माध्यमबाट पठाउन सहयोग गर्ने ।

११. आफु मातहत खटिएका सब-इन्जिनियर र असिस्टेन्ट सब-इन्जिनियरहरुलाई निजहरुको कार्य विवरण बमोजिमका कामहरुमा खटाउने र अनुगमन र सुपरिवेक्षण गर्ने ।

१२. सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रिय आयोजना कार्यान्वयन इकाई र मातहत आफु खटिएको स्थानीय तहमा निर्माण हुने सम्पूर्ण सरकारी भवन निर्माण, मर्मत सुधार र अन्य निर्माण सम्वन्धी कार्यहरुमा आवश्यकता अनुसार प्राविधिक सहयोग गर्ने ।

१३. सहरी आवास पुनर्निर्माण कार्यका लागि सम्बन्धित सहरी वस्तीको योजना तयार पारी कार्यान्वयन गर्न जिल्ला आयोजना कार्यान्वयन इकाई- शहरी विकास मन्त्रालय र स्थानीय तहलाई सहयोग गर्ने ।

१४. आवश्यकतानुसार क्षमता अभिवृद्धि सम्बन्धी तालिम/अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने गराउने।

१५. सहरी पूर्वाधार पूनर्निर्माण कार्यको कार्यान्वयन गर्ने जिल्ला आयोजना कार्यान्वयन इकाईलाई सहयोग गर्ने ।

१६. राष्ट्रिय पुनर्निर्माण नीति, २०७२ अनुसार विद्यालय भवनहरु तथा स्थानीय तहका भवनहरुको पुनर्निर्माण र मर्मत संभारको कार्यमा जिल्ला आयोजना कार्यान्वयन इकाईबाट जिम्मवारी दिइएअनुसार प्राविधिक सहयोग दिने ।

१७. राष्ट्रिय पुनर्निर्माण नीति, २०७२ स्थानीयस्तरका मर्मत संभारको कार्यमा प्राविधिक सहयोग दिने ।

१८. आवश्यकता अनुसार विभिन्न निर्माण कार्यको डिजाइन तथा नक्शा तयार गरी लागत अनुमान तयार गर्ने/गराउने ।

१९. जिल्ला आयोजना कार्यान्वयन इकाईबाट समय समयमा दिइएका निर्देशन र जिम्मेवारी बमोजिमका कार्यहरु पनि गर्ने/गराउने ।

२०. स्थानीयस्तरमा विभिन्न तहहरुसँग आवश्यकतानुसार समन्वय गर्ने।

२१. स्थानीयस्तरमा गैरसरकारी संस्थाहरुबाट हुने पुनर्निर्माण कार्यको हकमा जिल्ला आयोजना कार्यान्वयन इकाई बाट जिम्मवारी दिइए अनुसार स्थानीय तहमार्फत अनुगमन र सुपरिवेक्षण गर्ने ।

२२. स्थानीय तहमा खटिएका इन्जिनियरहरुले खटाईएको स्थानमा गई काम गर्नु पर्नेछ । इन्जिनियरहरुको कार्यसम्पादन लगायतका विषयको अनुगमन सुपरिवेक्षण स्थानीय तहको प्रशासकीय प्रमुख र जिल्ला आयोजना कार्यान्वय इकाई प्रमुखवाट हुनेछ । कार्य वोझ र आवश्यकताका आधारमा केन्द्रिय आयोजना कार्यान्वयन इकाईले इन्जिनियरहरुलाई तोकिएको भन्दा फरक कार्यक्षेत्रमा खटाउन सक्नेछ ।

२३. स्थानीय तहहरुमा खटाइएका इन्जिनियरहरुले सम्वन्धित स्थानीय तह वा खटिएका वडा तहमा हाजिरी गर्ने र स्थानीय तहका प्रमुखसँग समन्वय गरी काम गर्नुपर्नेछ ।

२४. स्थानीय तहहरुमा खटिएका इन्जिनियरहरुलाई आवश्यक तथ्याङ्क, विवरण र कार्य स्थल उपलब्ध गराउने जिम्मेवारी सम्वन्धित स्थानीय तहहरुको हुनेछ ।

२५. इन्जिनियर, सब-इन्जिनियर र असिस्टेन्ट सब-इन्जिनियरहरुको हाजिरी पारिश्रमिक भुक्तानीका लागि सम्बन्धित स्थानीय तहले जिल्ला आयोजना कार्यान्वयन इकाईमा पठाउनु पर्नेछ ।

२६. प्रमुख प्रशासकीय अधिकृत तथा जिल्ला आयोजना कार्यान्वयन इकाई प्रमुखलाई जानकारी नगराई कुनै पनि इन्जिनियरले आफ्नो कार्यक्षेत्र छाड्न पाउने छैन । यसरी कार्यस्थल छोडेको पाइएमा स्थानीय तह प्रमुख/जिल्ला आयोजना कार्यान्वयन इकाई प्रमुखले CLPIU/NRA र सम्बन्धित इन्जिनियर बिच भएको करार सम्झौता भङ्ग गर्न CLPIU/NRA मा सिफारिस गर्न सक्नेछ र CLPIU/NRA ले करार सम्झौता भङ्ग गरी सेवावाट हटाउन सक्नेछ ।

२७. समय समयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण वा केन्द्रीय आयोजना कार्यान्वयन इकाईले दिएका निर्देशनहरु पालना गर्ने ।